सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३६० ♦ २०८३ साल असोज ५ सोमवार ♦ 21 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशको अबको बाटो एकता र समृद्धि हुनुपर्छः सांसद सिंह

**खबर दर्पण समाचारदाता**
**असोज ४ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमरेशकुमार सिंहले मधेशको अबको बाटो एकता, शान्ति र समृद्धिको हुनुपर्ने बताउनुभएको छ ।

आइतबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उहाँले केही बाह्य तथा आन्तरिक शक्तिले मधेश र कोशी प्रदेशलाई 'ब्याटल ग्राउन्ड' बनाउन खोजेको दाबी गर्दै त्यस्तो अवस्था आउन नदिन सबै पक्ष एकजुट हुनुपर्ने बताउनुभयो ।

डा. सिंहले वर्तमान सरकारमा रहेको दल रास्वपा सरकारमा पुग्ने आधारमा मधेशको महत्वपूर्ण भूमिका रहेको दाबी गर्दै भन्नुभयो, "मधेशबाट प्राप्त ३१ सिट र ठूलो मतका कारण रास्वपा बलियो बनेको हो । मधेशले त्यसअनुसार सम्मान, अधिकार र विकासमा प्राथमिकता पाउनुपर्छ ।"

"वर्तमान सरकारमा रहेको दललाई मधेशले ८५ प्रतिशत मत दिएको छ भने विकास पनि त्यसै आधारमा हुनुपर्छ," उहाँले भन्नुभयो ।

उहाँले मधेशका जनताको प्रमुख आवश्यकता शिक्षा, स्वास्थ्य, सडक, सिंचाइ, सरसफाइ तथा शान्ति सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

मधेशमा पोखरी, मन्दिर र मस्जिदको सौन्दर्यीकरणका कुरा भए पनि विद्यालय र



अस्पतालको सुधार तथा सौन्दर्यीकरणलाई पर्याप्त प्राथमिकता नदिइएको उहाँले बताउनुभयो । "मधेशले पाउनुपर्ने अधिकार पाएको छैन । जनताका इच्छा र आकांक्षा धेरै छन्," उहाँले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य डा. सिंहले मधेशलाई झापादेखि कञ्चनपुर सम्मको भूगोलका रूपमा बुझ्नुपर्ने धारणा राख्नुभयो । मधेशलाई आगामी दिनमा कुनै पनि प्रकारको द्वन्द्वको केन्द्र बनाउन नहुनेमा उहाँले जोड दिनुभयो ।

उहाँले आगामी छठ पर्वबाट मेचीदेखि महाकालीसम्म पदयात्रा गर्ने अठोटसमेत व्यक्त गर्नुभयो । सो क्रममा युवा, जनता, सीमा तथा दुई देशबीचको सम्बन्धलगायत विषयमा जनताका कुरा सुन्ने बताउनुभयो । सिंहले भन्नुभयो, "अब जनताको सुन्छु, कम बोल्छु, बढी सुन्ने काम गर्छु ।"

मधेशमा विकास निर्माणका काम अझै अपूरो रहेको उल्लेख गर्दै उहाँले हुलाकी राजमार्ग निर्माणसमेत पूर्ण रूपमा सम्पन्न नभएको बताउनुभयो । मधेशको विकास र समृद्धिका लागि दीर्घकालीन योजनासहित अघि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

उहाँले मधेशमा '१० प्रतिशत कमिसन'को चर्चाले प्रदेश बदनाम भएको बताउँदै मधेश आन्दोलनको मूल उद्देश्यमा कमिसनको कुनै स्थान नरहेको बताउनुभयो ।

मधेशको विकासका लागि स्वास्थ्य, शिक्षा, सिँचाइ, शान्ति, सामाजिक चेतना र समृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै डा सिंहले जनताको आवश्यकता र आकांक्षालाई केन्द्रमा राखेर विकासको बाटो तय गर्नुपर्ने धारणा राख्नुभयो । मधेशलाई कुनै पनि बहानामा द्वन्द्वको मैदान बनाउन नहुनेमा उहाँले जोड दिनुभयो ।

## 'पर्यावरणलाई ध्यानमा राखेर बजेट निर्माण गर्नुपर्छ'




**खबर दर्पण समाचारदाता**
**असोज ४ गते, बर्दिवास**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले तीनवटै तहका सरकारले पर्यावरणलाई ध्यानमा राखेर बजेट निर्माण गर्नुपर्ने बताउनुभएको छ ।

मधेश प्रदेशको राजधानीमा आइतबार एक्सन एडको सहयोगमा रतौली युवा क्लबले आयोजना गरेको मधेश प्रदेश वित्तीय संवाद २०८३–८४ को समापनसत्रलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले विश्वमा बजेट निर्माणको मुख्य तीन स्तम्भ सामाजिक, आर्थिक र पर्यावरण क्षेत्र रहेको उल्लेख गर्दै उहाँले यी तीन विषयलाई समेटेर बजेट निर्माण भएमा दिगो विकासका लक्ष्य प्राप्ती गर्न सहज हुने धारणा राख्नुभयो ।

सभामुख यादवले संघीयताले देशलाई आर्थिक भार भयो भन्ने कुरा गलत भएको धारणा राख्दै बजेटको १०० प्रतिशतमध्ये ३० प्रतिशत बजेट मात्र प्रदेश र स्थानीय तहलाई दिने गरिएको र ७० प्रतिशत बजेट अझै संघ सरकारसँगै रहेको बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य अनिताकुमारी साहले मधेश प्रदेश सरकारको असार महिनामै बढी बजेट खर्च गर्ने शैली उपयुक्त नभएको भन्दै पुँजीगत खर्च पनि आर्थिक वर्षको सुरु महिनादेखि नै हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नीति तथा योजना आयोग मधेश प्रदेशका सदस्य नवल किशोर यादवले मधेश प्रदेश सरकारले वित्तीय सुशासन कायम गर्न चालु आर्थिक वर्षदेखि कामकाजलाई तीब्र बनाएको भन्दै फजुलको खर्च कटौती गरी टेण्डर प्रक्रियावाट कामकाज अघि बढाएको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह रौनियारले मधेश प्रदेशमा विगतमा हरेक सरकारले ल्याउने बजेटमा सन्तुलन नदेखिएको भन्दै सन्तुलित बजेट ल्याएको खण्डमा नागरिकले सामाजिक न्याय पाउने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरुले वार्षिक रुपमा बजेटको आकार विस्तार हुँदै गए पनि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारी तथा सीमान्तकृत समुदायको जीवनस्तरमा अपेक्षित सुधार नभएको भन्दै यी विषयहरुलाई प्रदेश सरकारले बजेट विनियोजनको समयमा ध्यान दिनु पर्नेमा जोड दिएका थिए । रतौली युवा कल्पका अध्यक्ष मोहमद साकिर खानको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## ७३ जिल्लाका ६ हजार १३२ वडामा कांग्रेसको अधिवेशन सम्पन्न

**खबर दर्पण समाचारदाता**
**असोज ४ गते, बर्दिवास**

नेपाली कांग्रेसको १५ औं केन्द्रीय महाधिवेशन अन्तर्गत वडा अधिवेशन प्रक्रिया देशभर उत्साहजनक रूपमा अगाडि बढेको छ।

केन्द्रीय कार्यसमितिको निर्णयअनुसार असोज १६ देखि १९ गतेसम्म हुने महाधिवेशनको पूर्वतयारी स्वरूप जारी वडा अधिवेशनको दोस्रो दिन आज ( असोज ४ गते) सम्म ७३ जिल्लाका ६ हजार १३२ वडामा निर्वाचन सम्पन्न भएको छ। कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार ताप्लेजुङदेखि कैलालीसम्मका अधिकांश जिल्लामा वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन प्रक्रिया सम्पन्न भएको छ। असोज ३ गतेबाट सुरु भएको यो प्रक्रियामा सहभागी प्रतिनिधिहरूले निकै उत्साहका साथ आफ्नो मत जाहेर गरेका छन्।

### असोज ५ गते पनि अधिवेशन जारी रहने

निर्वाचन समितिले केही जिल्ला तथा निर्वाचन क्षेत्रहरूमा भने अधिवेशन बाँकी रहेको जनाएको छ। रसुवा, नुवाकोट र धादिङ जिल्लाका साथै सप्तरीका क्षेत्र नं. २ र ४, सिरहा, मोरङ क्षेत्र नं. ६, रौतहट क्षेत्र नं. १, सर्लाही क्षेत्र नं. २ र परासी क्षेत्र नं. २ मा अधिवेशन हुन बाँकी छ।

समितिका सदस्य सचिव राजु कट्वालद्वारा जारी विज्ञप्ति अनुसार, आज सम्पन्न हुन बाँकी रहेका सम्पूर्ण वडा अधिवेशनहरू असोज ५ गते सोमवार पनि निरन्तर जारी रहनेछन्। तोकिएको कार्यतालिका अनुसार नै बाँकी रहेका वडामा प्रक्रिया पूरा गर्न सम्बन्धित जिल्लाका सरोकारवालाहरूलाई आग्रह गरिएको छ।

१५ औं महाधिवेशनलाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न कांग्रेसले देशभर वडा तहदेखि नै चुनावी गतिविधि तीव्रताका साथ अघि बढाएको छ।

# लोकप्रियताको पासो : ओली, केजरीवाल र बालेन




-डा. अजय शाह

नेताको पतन सधैं चुनाव हारेपछि सुरु हुँदैन । कहिलेकाहीँ यो त्यसदिन सुरु हुन्छ, जुन दिन नेताले आफ्ना वरिपरिका तालीलाई जनताको वास्तविक आवाज ठान्न थाल्छ । प्रश्न गर्नेहरू टाढिँदै जान्छन्, प्रशंसा गर्नेहरू नजिकिँदै जान्छन् र अन्ततः नेता आफ्नै प्रतिध्वनिलाई जनमत सम्झने अवस्थामा पुग्छन् ।

भारतका अरविन्द केजरीवालको उदय र राजनीतिक धक्का, नेपालमा केपी शर्मा ओलीको उभार र उतार-चढाव तथा काठमाडौंमा बालेन शाहको उदाउँदो लोकप्रियता फरक-फरक राजनीतिक कथा हुन् । यी तीन पात्रलाई एउटै तराजुमा राखेर तुलना गर्नु उचित हुँदैन । तर यी तीनै नेताको उदयमा एउटा साझा प्रश्न आइपुग्छ- लोकप्रिय नेता संस्थाभन्दा ठूलो बन्न थालेपछि लोकतन्त्रमा के हुन्छ ?

यो प्रश्न बालेनका लागि मात्र होइन, नेपाली मतदाताका लागि पनि हो ।

## केजरीवाल: आन्दोलनदेखि सत्तासम्म

अरविन्द केजरीवालको राजनीतिक उदय परम्परागत दलविरुद्धको असन्तुष्टिबाट भएको थियो । भ्रष्टाचारविरोधी आन्दोलनबाट जन्मिएको आम आदमी पार्टीले पुराना राजनीतिक शक्तिलाई चुनौती दिँदै दिल्लीमा असाधारण जनसमर्थन प्राप्त गऱ्यो ।

सन् २०१३ मा पहिलो पटक सरकार बनाएको आपले त्यसपछि सन् २०१५ र २०२० का विधानसभा निर्वाचनमा अत्यन्त ठूलो बहुमतसहित दिल्लीमा सरकार चलायो । केजरीवालको राजनीतिक ब्रान्ड स्पष्ट थियो- भ्रष्टाचारविरुद्धको लडाइँ, सामान्य मानिसको राजनीति र शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवामा जोड ।

पुराना दलप्रतिको वितृष्णाबिच उनी नयाँ विकल्प बने । यहीँ एउटा महत्त्वपूर्ण राजनीतिक सूत्र देखिन्छ । जनता प्रायः असन्तुष्टिमा नयाँ नेता खोज्छन् । तर असन्तुष्टिबाट जन्मिएको लोकप्रियता लामो समय टिकाउन पुरानाको आलोचना मात्र पर्याप्त हुँदैन । शासनमा पुगेपछि जनताले परिणाम खोज्छन् । त्यसपछि नेता नाराबाट नीति, छविबाट संस्थागत क्षमता र व्यक्तित्वबाट शासनको परीक्षामा प्रवेश गर्छ । केजरीवालले लामो समय दिल्लीमा आफ्नो राजनीतिक पकड कायम राखे । तर पछिल्लो चरणमा उनको राजनीति कानुनी विवाद, गिरफ्तारी र तीव्र राजनीतिक ध्रुवीकरणमा पनि फस्यो ।

सन् २०२४ मा मदिरा नीतिसम्बन्धी भ्रष्टाचार आरोपमा पक्राउ परेका केजरीवालले ती सबै आरोप राजनीतिक प्रतिशोधबाट लगाइएको दाबी गरेका थिए । उनको दलले पनि उनीमाथिको आरोप अस्वीकार गरेको थियो ।

त्यसपछि आयो सन् २०२५ को दिल्ली निर्वाचन । २७ वर्षपछि भाजपाले दिल्लीमा सत्ता फर्कायो । ७० सदस्यीय विधानसभामा भाजपाले ४८ सिट जित्दा आप २२ सिटमा खुम्चियो । अझ प्रतीकात्मक पराजय केजरीवालकै भयो । उनी आफ्नो परम्परागत नयाँ दिल्ली क्षेत्रबाट समेत पराजित भए ।

यो परिणामलाई केवल सरकार परिवर्तनका रूपमा बुझेर पुग्दैन । यो लोकप्रियताको राजनीतिले सामना गर्ने कठिन प्रश्न पनि हो । जसलाई जनताले पुरानो राजनीतिक शक्तिको विकल्प ठानेका थिए, केही वर्षपछि उसैको विकल्प किन खोजे जनताले ? यसको उत्तर एउटै छैन । शासनको मूल्याङ्कन, राजनीतिक विवाद, जनअपेक्षा, विपक्षी रणनीति, सत्ता थकान र बदलिएको मतदाताको मनोविज्ञान सबैले भूमिका खेलेका हुन सक्छन् । तर एउटा पाठ भने स्पष्ट छ- लोकप्रियता स्थायी सम्पत्ति होइन ।

## ओली: शक्तिको शिखरदेखि प्रतिध्वनिको घेरासम्म

नेपालमा केपी शर्मा ओलीको उभार पनि असाधारण राजनीतिक परिस्थितिबाट भएको थियो । ०७२ को नाकाबन्दीको समयमा उनको राष्ट्रवादी अडान, त्यसपछिको वाम गठबन्धन र ०७४ को निर्वाचनबाट प्राप्त बलियो जनादेशले उनलाई अत्यन्त शक्तिशाली राजनीतिक पात्र बनायो ।

त्यो जनादेश परिवर्तनको अवसर थियो । तर बलियो जनादेशसँगै ठूलो जोखिम पनि आउँछ । सत्तामा पुगेपछि नेता वरिपरि एउटा यस्तो घेरा बन्न पुग्छ, जहाँ असहमतिको आवाज क्रमशः हराउँदै जान्छ । नेताले आफ्ना समर्थकको उत्साहलाई जनताको सार्वभौम समर्थन ठान्न थाल्छ । पार्टीभित्रको आलोचनालाई गुटबन्दी, बाहिर को आलोचनालाई विरोध र सञ्चारमाध्यमको प्रश्नलाई पूर्वाग्रह ठान्ने अवस्था सिर्जना भयो भने नेता जनताबाट होइन, आफ्नै प्रतिध्वनिबाट घेरिन थाल्छ ।

'केपी ओली, आइ लभ यु' जस्ता नाराहरू त्यस राजनीतिक मनोविज्ञानका प्रतीक बन्न पुगे । व्यक्तिप्रतिको प्रेम लोकतन्त्रमा अपराध होइन । समस्या त्यतिबेला सुरु हुन्छ, जब व्यक्तिप्रतिको निष्ठा संस्थाप्रतिको निष्ठाभन्दा ठूलो हुन्छ । प्रतिनिधिसभा विघटनलगायत संवैधानिक विवादमा पनि निर्णयको गुण-दोषमा बहस गर्नुभन्दा नेताको पक्ष वा विपक्षमा भावनात्मक ध्रुवीकरण देखियो ।

यही हो व्यक्तिकेन्द्रित राजनीतिको जोखिम । लोकरिझ्याईंको प्रमुख तत्वमध्ये एक हो यो । नेता गलत हुन सक्छ भन्ने सम्भावनालाई नै अस्वीकार गरियो भने नेता सुधारिने बाटो पनि बन्द हुन्छ । असल समर्थक त्यो होइन, जसले नेताको हरेक निर्णयको बचाउ गर्छ । असल समर्थक त्यो हो, जसले आवश्यक पर्दा आफ्नै नेतालाई भन्छ- 'यो निर्णय गलत भयो ।'

## नयाँ अनुहारमाथि पुरानोको छाया

बालेन शाहको उदय पनि परम्परागत राजनीतिक दलप्रतिको असन्तुष्टि र नयाँ पुस्ताको परिवर्तनको चाहनाबाट बनेको हो । सामाजिक सञ्जालले उनको राजनीतिक सन्देशलाई तीव्र रूपमा फैलायो । उनी पुरानो राजनीतिक संस्कारको विकल्पका रूपमा स्थापित भए ।

यो नेपाली राजनीतिमा महत्त्वपूर्ण परिवर्तन हो । तर नयाँ अनुहार हुनु र नयाँ राजनीतिक संस्कार हुनु एउटै कुरा होइन । यहींबाट बालेनको वास्तविक परीक्षा सुरु हुन्छ । उनले पुराना दलका कमजोरी देखाएर लोकप्रियता कमाए । अब उनले आफ्नो शासन र राजनीतिक व्यवहारबाट नयाँ मापदण्ड स्थापित गर्नुपर्नेछ । किनभने चुनाव जित्नु जनताको विश्वास हो, सर्वज्ञताको प्रमाणपत्र होइन ।

निर्वाचित प्रतिनिधिले सबै कुरा जान्दैन । उसलाई अर्थशास्त्री चाहिन्छ, कानुनविद् चाहिन्छ, इन्जिनियर चाहिन्छ, अनुभवी कर्मचारी चाहिन्छ, स्थानीय तहको ज्ञान चाहिन्छ, नागरिक समाज चाहिन्छ, विपक्षीको आलोचना चाहिन्छ र स्वतन्त्र सञ्चारमाध्यम चाहिन्छ ।

नेताको वास्तविक क्षमता उसले कति कुरा आफैं जान्छ भन्नेमा

बाँकी पृष्ठ ३ मा



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशवादी दलको आन्दोलनले मधेशमा फेरी भ्रम सृजना गर्न खोज्दै : रास्वपा नेता सिंह



**संजित मण्डल**

**असोज ४ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टीका साँसद अमरेश कुमार सिंहले मधेशवादी दलले बनाएको अग्रगामी मोर्चाले आउँदो छठपछि गर्न खोजेको आन्दोलनले मधेशमा फेरी भ्रम सृजना गर्न खोजेको बताउनुभएको छ ।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा आईतबार पत्रकार हरुसँग कुराकानी गर्दै साँसद सिंहले मोर्चाका नेता एवं जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनतालाई छठपछि आन्दोलनका लागि तयार रहन गरेको अपिललाई पुन: मधेशमा ठूलो दुर्घटना गराउन खोज्ने षडयन्त्र गरिरहेको बताउनुभएको छ ।

मधेशवादी दलहरु आफू सत्तामा रहँदा मधेशलाई नसम्झिने र सत्ता बाहिर गएपछि मधेशलाई सम्झिने र सधैं आफ्नो स्वार्थ पूराका लागि जनतासँग आन्दोलन र संघर्षका कार्यक्रम गराउने खेल गर्दै आएको साँसद सिंहले आरोप लगाउनुभयो ।

उहाँले मधेशको शिक्षा, स्वास्थ्य, कृषि, रोजगार तथा समग्र मानव विकासमा मधेशवादी दल र तीनका नेताहरुले चाँसो नराखेको र उनीहरुकै कारण मधेशको विकास नभएर विनास भएको तर्क दिनुभयो । उहाँले मधेशवादी दलका नेताहरुले पोखरी सौन्दर्यकरण, मठ, मन्दिर निर्माण लगायतमा करोडौ खर्च गर्ने तर विद्यालय, स्वास्थ्य संस्था वा रोजगारी सृजनाको नाउँमा कहिँ कतै खर्च नगर्ने प्रवृतिले उनीहरु मधेशको विकासको बाधक रहेको बताउनुभयो ।

उहाँले आफू स्वयं पनि छठ पर्वको भोलिपल्ट माता जानकीको जन्मभूमि जनकपुर धामबाट उदाउँदो सूर्यको पूजा गर्दै, माता जानकीको दर्शन गरेर मेची महाकाली यात्रा शुरु गर्ने र सो यात्राको क्रममा आफू मधेशको हुलाकी सडक भएर मधेशको प्रत्येक जिल्लामा गएर मधेशी जनताको कुरा सुन्ने, दु:ख पीडा बुझ्ने र ती कुराहरु सरकार समक्ष सँसदमा राख्ने बताउनुभयो ।

उहाँले मधेशवादी दलद्वारा मधेशमा मधेशीलाई पुन: भ्रमित गर्न भइरहेको खेलमा मधेशी जनतालाई नफँस्न आग्रह गर्दै आफूले शुरु गर्न गइरहेको मेची महाकाली पदयात्रामा सहभागी हुन आग्रह गर्नुभयो ।

# लोकप्रियताको पासो : ओली,.............

होइन, अरूको ज्ञानलाई कति राम्रोसँग उपयोग गर्छ भन्नेमा हुन्छ । सामाजिक सञ्जालमा हजारौं लाइक पाउनु नीति सही भएको प्रमाण होइन । फेसबुक संसद् होइन । फलोअर सम्पूर्ण जनता होइनन् । र सामाजिक सञ्जालको मौनता सहमति पनि होइन । बालेनको लोकप्रियता उनको शक्ति हो । तर त्यही लोकप्रियता उनका लागि सबैभन्दा ठुलो राजनीतिक परीक्षा पनि बन्न सक्छ ।

यदि आलोचना गर्नेहरूलाई 'पुरानो राजनीतिको मान्छे' वा 'विरोधी' भनेर पन्छाउन थालियो, आफ्ना समर्थकले हरेक निर्णयको अन्धो बचाउ गर्न थाले, सामाजिक सञ्जालको प्रशंसा नै जनमतको अन्तिम प्रमाण बन्न थाल्यो भने नयाँ राजनीतिको अनुहारमा पुरानै रोग देखिन थाल्नेछ । त्यसपछि प्रश्न उठ्नेछ-बालेन बदलिएका हुन् कि केवल नेपालको 'उद्धारकर्ता' बदलिएको हो ?

## नेता बदलिन्छन्, मनोविज्ञान बदलिँदैन

ओली, केजरीवाल र बालेनको कथा जोड्दा सबैभन्दा गम्भीर प्रश्न नेताहरूमा होइन, हामीमा देखिन्छ । हामी बारम्बार एउटा त्यस्तो नेता खोज्छौँ, जसले सबै समस्या समाधान गरिदियोस् । भ्रष्टाचार अन्त्य गरिदेओस् । विकास, रोजगारी र व्यवस्था सुधारिदेओस् । पुराना दल पनि हटाइदियोस् । र अन्ततः देशलाई 'बचाइदियोस्' ।

अनि त्यस्तो नेतामाथि हामी यति ठुलो अपेक्षा राख्छौं कि उसलाई प्रश्न गर्न पनि डराउँछौं । यहीँबाट 'उद्धारकर्ता राजनीति' जन्मिन्छ । केजरीवाललाई भ्रष्टाचारविरोधी आन्दोलनबाट उद्धार कर्ताको छवि दिइयो । ओलीलाई राष्ट्रवादी र निर्णायक नेताको छवि दिइयो । बालेनलाई पुरानो राजनीतिक संस्कार तोड्ने नयाँ विकल्पका रूपमा हेरियो ।

तर लोकतन्त्रलाई उद्धारकर्ता चाहिँदैन । लोकतन्त्रलाई जबाफदेही संस्था चाहिन्छ । नेता महान् हुन सक्छ । तर संस्था कमजोर भयो भने महान् नेता पनि जोखिम बन्न सक्छ । किनभने लोकतन्त्रको सुन्दरता असाधारण नेतामा होइन, साधारण संस्थाले असाधारण शक्तिलाई पनि सीमित गर्न सक्नुमा हुन्छ । नेताले गल्ती गर्न पाउने व्यवस्था लोकतन्त्र हो । तर गल्ती सच्याउन बाध्य बनाउने व्यवस्था अझ राम्रो लोकतन्त्र हो ।

त्यसैले बालेनका लागि ओली र केजरीवालको कथा चेतावनी हो, भविष्यवाणी होइन । ओलीको राजनीतिक यात्राले देखाउँछ- बलियो जनादेशपछि आत्मसमीक्षा हराउन सक्छ । केजरीवालको यात्राले देखाउँछ- पुराना दलविरुद्धको असन्तुष्टिबाट बनेको लोकप्रियता पनि स्थायी ग्यारेन्टी होइन । सन् २०२५ को दिल्ली परिणामले एक समय अत्यन्त बलियो रहेको आपलाई २२ सिटमा सीमित गऱ्यो र केजरीवाल स्वयं आफ्नो निर्वाचन क्षेत्रबाट पराजित भए ।

र, बालेनको यात्रा अहिले पनि खुला किताब हो । उनले कुन अध्याय लेख्छन्, त्यो समयले देखाउनेछ । तर एउटा कुरा आजै भन्न सकिन्छ । लोकप्रियताको सबैभन्दा ठुलो शत्रु विपक्षी होइन, अन्धो समर्थन हो । विपक्षीले प्रश्न गर्छ । आलोचकले असहज बनाउँछ । पत्रकारले हिसाब खोज्छ । नागरिकले जवाफ माग्छ । तर अन्धो समर्थकले नेताको कमजोरी लुकाउँछ । त्यसैले नेताका लागि सबैभन्दा खतरनाक भीड उसका अन्ध समर्थकको भीड हो ।

## अन्त्यमा

हामीले बारम्बार नेता बदल्यौं । तर नेताप्रतिको आफ्नो व्यवहार बदल्न सकेनौं । हिजो कसैलाई 'अन्तिम आशा' बनायौं । आज अर्कोलाई बनाउँदैछौं । भोलि अर्को अनुहार आउनेछ । अनुहार फेरिनेछ, नारा फेरिनेछ, सामाजिक सञ्जालको ट्रेन्ड फेरिनेछ । तर हामीले फेरि त्यही व्यक्तिपूजालाई निरन्तरता दियौं भने परिणाम पनि उही हुनेछ । किनभने इतिहासको सबैभन्दा कठोर व्यङ्ग्य भनेकै नेताको अन्ध समर्थन गर्ने जनता अन्ततः नेताबाट होइन, आफ्नै अन्ध समर्थनबाट ठगिन्छन् ।

सायद लोकतन्त्रको सबैभन्दा डरलाग्दो क्षण त्यो होइन, जब नेताले गलत निर्णय गर्छ । सबैभन्दा डरलाग्दो क्षण त त्यो हो- जब नेता गलत हुँदा पनि भीडले ताली बजाइरहेको हुन्छ । पत्रकार चुप हुन्छ । कार्यकर्ता प्रश्न गर्न डराउँछन् र नागरिकले 'हाम्रो नेता गलत हुनै सक्दैन' भन्न थाल्छ ।

त्यस दिन नेता मात्र खतरामा पर्दैन । लोकतन्त्र नै लोकप्रियताको पासोमा परिसकेको हुन्छ ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०७६।०४।०४ मा दर्ता भएको प्रा.लि.नं.२१९९१७ भएको हरिओम अटो इन्जिनियरिंग (प्रा.ली.) को २०८३।०६।०४ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**
**कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ**
**सम्पर्क नम्बर:९८४३२४५०८२**



# औरहीका दुई वडामा कांग्रेस अधिवेशन सम्पन्न

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असोज ४ गते, महोत्तरी**

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत महोत्तरीको औरही नगरपालिका-१ र २ नम्बर वडाको वडा अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले वडा नं. १ को सभापतिमा सुजित यादव र वडा नं. २ को सभापतिमा नागेन्द्र साहलाई सर्वसम्मत चयन गरेको छ।

औरहीमा सम्पन्न अधिवेशनमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुनिलकुमार यादवले वडा तहको संगठन बलियो भए मात्र पार्टीको समग्र संगठन प्रभावकारी बन्ने बताउनुभयो। उहाँले पार्टीलाई जनताको भावना र अपेक्षासँग जोड्दै संगठन सुदृढीकरणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

मधेस प्रदेश कमिटी सदस्य नरेन्द्र यादवले वडा तह पार्टी संगठनको आधार भएकाले नेता तथा कार्यकर्ताबीच सहकार्य, समन्वय र सक्रियता आवश्यक रहेको बताउनुभयो। उहाँले स्थानीय तहका जनताका समस्या र आवश्यकतालाई प्राथमिकतामा राखेर पार्टीका गतिविधि सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

नगर सभापति तथा अधिवेशनका अध्यक्ष योगेन्द्र यादवले वडा तहदेखि नै पार्टी संगठनलाई सक्रिय, व्यवस्थित र जनतामुखी बनाउनुपर्ने बताउनुभयो। उहाँले संगठन विस्तारसँगै जनतासँगको सम्बन्ध थप सुदृढ गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो।

अधिवेशनमा पार्टी संगठन सुदृढीकरण, लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण, जनतामुखी राजनीति तथा संगठन विस्तार लगायत विषयमा छलफल भएको थियो। सहभागी नेता तथा कार्यकर्ताले वडा तहबाटै पार्टी गतिविधिलाई प्रभावकारी बनाउँदै संगठनलाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।



नवनिर्वाचित वडा सभापतिद्वय सुजित यादव र नागेन्द्र साहले पार्टीले दिएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्दै संगठन विस्तार, कार्यकर्ता परिचालन तथा जनतासँगको सम्बन्ध सुदृढीकरणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। अधिवेशनमा नेपाली कांग्रेसका स्थानीय नेता, कार्यकर्ता तथा शुभेच्छुकको सहभागिता रहेको थियो।

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

डेंगुबाट कसरी बच्ने?

बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने
दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।
साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।
लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
घरका झ्याल ढोकामा जाली लगाउने।

डेंगुको उपचार के ?

डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।
डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

गौशाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

रामगोपालपुर नगरपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

२४ सै घण्टा इमर्जेन्सी सेवा
Endoscopy/Diode Laser सेवा
बिभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
ICU, NICU, PICU सेवा
Laproscopy सेवा
24/7 Ambulance सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको

SHUBHA SWOSTIK HOSPITAL

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,